SANCHARIKA SAMUHA
WOMEN COMMUNICATORS' FORUM
Sancharika Samuha
FORUM OF WOMEN JOURNALISTS AND COMMUNICATORS
Promoting Communication for Equality

११ साउन २०७२

**प्रेस विज्ञप्ति : सञ्चार अनुगमन**

सञ्चारिका समूह नेपालले एक महिना (१ - ३१ असार, २०७२) मा १५ वटा राष्ट्रिय दैनिकमा गरेको सञ्चार अनुगमनले १५ जना किशोरी तथा महिलाको बलात्कार भएको देखाएको छ। अनुगमन अवधिमा बलात्कारसम्बन्धी ५५ वटा समाचार सामग्री प्रकाशित भएका थिए।

अनुगमनमा खेलकुद र मनोरञ्जनसम्बन्धी समाचारबाहेक दैनिक पत्रिकाका समाचार, विचार तथा सम्पादकीय सामग्री समेटिएको थियो। यसमा राजधानीबाट प्रकाशित कान्तिपुर, नागरिक, नयाँ पत्रिका, गोरखापत्र, हिमालय टाइम्स्, कारोबार, राजधानी, अन्नपूर्ण पोष्ट, नेपाल समाचारपत्र, कमाण्डर पोष्ट, सौर्य दैनिक, नेपाली दैनिक तथा द काठमाण्डु पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स, र द राइजिङ नेपाल अंग्रेजी दैनिकहरु समेटिएका थिए।

महिलामाथि हुने विभिन्न प्रकारका हिंसालाई १३ वटा शीर्षकमा अनुगमन गरिएको थियो, जसमा बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, दाइजो, मानव बेचविखन, हत्या, बहुविवाह, बोक्सी, परम्परागत तथा धार्मिक हिंसा, आर्थिक, स्वास्थ्यसम्बन्धी, राजनीतिक र अन्य थिए।

असार महिनामा हत्याका १२ वटा घटना भएका थिए र हत्यासम्बन्धी ५१ वटा समाचार सामग्री प्रकाशित भएका थिए। बोक्सी आरोपका ३ वटा घटना थिए र १२ वटा समाचार सामग्री प्रकाशित भएका थिए। यौन दुर्व्यवहारका ४ वटा घटना भएका थिए र ३३ वटा समाचार सामग्री प्रकाशित थिए। घरेलु हिंसाका १ वटा घटना र ८ वटा समाचार सामग्री प्रकाशित भएका थिए। दाईजोका ७ वटा समाचार सामग्री प्रकाशित भएका थिए। आर्थिक अधिकारसँग सम्बन्धित ३१ वटा समाचार, विचार तथा सम्पादकीय छापिएका थिए। मानव बेचबिखनसम्बन्धी ९६ र राजनितिक अधिकार हननसम्बन्धी ७६ समाचार, विचार तथा सम्पादकीय छापिएको देखिन्छ। त्यस्तै परम्परागत र धार्मिक हिंसासम्बन्धी १ वटा घटना सार्वजनिक भएको थियो र २५ वटा समाचार सामग्री प्रकाशित भएका थिए। स्वास्थ्य अधिकारहनन्का ५९ वटा समाचार सामग्री प्रकाशित भए।

महिला हिंसासम्बन्धी सबैभन्दा बढी समाचार भित्री पृष्ठमा छापिएका थिए। पहिलो पृष्ठमा ५६ समाचार छापिएका थिए। सबैभन्दा बढी समाचार (८० वटा) दोस्रा पृष्ठमा छापिएका थिए। महिला हिंसासम्बन्धी समाचारको स्थान सन्तोषजनक थियो। अनुगमनले महिलामाथि हिंसा गर्नेमा परिवारका सदस्य (३७), पीडक उल्लेख नभएका (१९), छिमेकी (९),र अन्य (३४) भएको देखाएको छ। सो अवधिमा महिला हिंसासम्बन्धी सम्पादकीय ७, फोटो समाचार ९, लेख ६८, सफ्ट न्यूज ८८ तथा हार्ड न्यूज ३४३ प्रकाशित थिए। प्रकाशित समाचारमध्ये हार्ड न्यूज ५३, सफ्ट न्यूज ४० र २६ वटा लेखमा मात्र फोटो/स्केच प्रयोग गरिएको थियो।

सञ्चारमाध्यमले महिला हिंसासम्बन्धी समाचारलाई प्राथमिकतामा राखेको पाइएको छ। तर, यस्ता समाचारको 'फलोअप' भने कम प्रकाशित हुने गरेको पाइन्छ। यो महिना मात्र यौन दुर्व्यवहारका २ वटा घटनामा 'फलोअप' समाचार प्रकाशित भएको देखिन्छ। 'हार्ड न्यूज' मा फोटोको प्रयोग कम (५३) पाइएको छ र समाचार साम्रगीमा पीडित वा पीडक कसको तस्बिर राख्ने भन्नेमा यस अघि झै स्पष्ट नीतिको अभाव नै देखिन्छ। जस्तो कि यस महिना पीडितका २० वटा तस्बिर छापिएकोमा पीडकको १२ वटा मात्रै तस्बिर छापिएको थियो।

सञ्चारिका समूहले सञ्चारमाध्यममा महिला हिंसाका समाचार कति आएका छन् ? ती समाचारले कस्तो प्राथमिकता पाइरहेका छन् ? हिंसाका समाचारमा 'फलोअप' समाचार आएका छन् कि छैनन् ? समाजमा के कस्ता लैंगिक हिंसा भइरहेका छन् र ती सम्बन्धमा कस्ता समाचार सामग्री आइरहेका छन् भनेर सञ्चार अनुगमन गर्दैआएको छ।

बिमला तुम्खेवा
सञ्चारिका समूह